# <u>उपभोक्ता लागत साझेदारी सम्बन्धी कार्यविधि,२०८०</u>

<u>कार्यापालिका स्वीकृत मितिः२०८०/०५/०७</u>

परिच्छेद १

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **<u>उपभोक्ता लागत साझेदारी सम्बन्धी कार्यविधि,२०८०</u>** रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. नगरपालिका भन्नाले गुर्भाकोट नगरपालिका लाई सम्झनुपर्दछ ।

ख. उपभोक्ता समिति भन्नाले यस गुर्भाकोट नगरपालिकामा विधिवत रुपमा दर्ता भई सञ्चालनमा रहेको उपभोक्ता समिति, टोल विकास संस्था तथा अन्य समूहलाई समेत सम्झनुपर्दछ ।

ग.साझेदारी भन्नाले उपभोक्ता समिति/समूह/ संस्थासंग सयुंक्त लगानीमा गरिने साझेदारी काम वा योजना लाई सम्झनुपर्दछ ।

घ. कार्यक्रम भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनुपर्दछ ।

**परिच्छेद २**

**साझेदारीका क्षेत्रहरु र साझेदारीको हिस्सा**

**३.** साझेदारीमा कार्यक्रम सञ्चालन हुने क्षेत्रहरु र साझेदारिको हिस्सा देहायअनुसार हुनेछन ।

| **साझेदारीको क्षेत्र** | **उपभोक्ताको तर्फबाट साझेदारी** | **नगरपालिकाको तर्फबाट साझेदारी** |
|---|---|---|
| क. भवन निर्माण तथा मठ, मन्दिर निर्माण, गुम्बा, चर्च, मस्जिद लगायत धार्मिक संरचना निर्माण लगायत । | ३० प्रतिशत | ७० प्रतिशत |
| ख. सिँचाई सम्बन्धी स्थायी संरचना सिंचाई कुलो,नदी नियन्त्रण तथा तटबन्ध निर्माण, आ.सी. सी ढलान | ४० प्रतिशत | ६० प्रतिशत |

| | | |
|---|---|---|
| तथा पि. सी. सी ढलान, रिटेटिङ्ग वाल र मेसिनरी वाल । | | |
| ग. खानेपानी टयाङ्की निर्माण तथा खानेपानी सम्बद्ध अन्य आयोजनाहरु । | ४० प्रतिशत<br><br>( पाईप खरिद तथापाईप बिछ्याउने ३० प्रतिशत ) | ६० प्रतिशत<br><br>( पाईप खरिद तथा पाईप बिछ्याउने ७० प्रतिशत ) |
| घ. सडक कालोपत्रे, सडक ट्र्याक खोल्ने कार्य तथा स्तरोन्नति मोटेरेबल पुल निर्माण, विघुतिकरण र खेल मैदान निर्माण । | ३० प्रतिशत | ७० प्रतिशत |
| ङ. पुरातात्विक साँस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण, मर्मत तथा सम्भार र पाटी पौवा निर्माण । | ३० प्रतिशत | ७० प्रतिशत |

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रक्रिया तथा छनोटको मापदण्ड

४. कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिमको हुनेछ ।

क. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक उपभोक्ता समितिलाई लक्षित गरी ३० ( तिस ) दिनको समयावधि राखी अनुसूचि १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

ख. प्रस्तावकहरुले अनुसूचि २ को ढाँचामा निवेदन र अनुसूचि ३ बमोजिम को ढाँचामा प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नुपर्दछ ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने आधार पेश गर्नुपर्नेछ ।

**५. छनोटको मापदण्डः** साझेदारी कार्यक्रमको प्रस्तावन छनोटका मापदण्ड देहायबमोजिमको हुनेछ ।

क. गुर्भाकोट नगरपालिकामा उपभोक्ता समिति, टोल विकास संस्था तथा समूहको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्यानुभव पत्र, उपभोक्ता समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस ।

ख. अन्य आधारहरु

अ. संस्थागत क्षमताः

- उपभोक्ता समितिको सम्बन्धित क्षेत्रमा अनुभव ।

- नेपाल सरकारको तथा गैरसरकारी संस्था विभिन्न निकायसंग साझेदारीकार्यमा अनुभव ।

आ. प्राविधिक प्रस्तावना

- सम्बन्धित आयोजनाको लागि आवश्यक दक्ष जनशक्तिको विवरण ।
- आयोजनाको निरन्तरता र दिगोपनाको सुनिश्चतता ।
- आयोजनाको आवश्यकता र औचित्यता पुष्टि गर्नुपर्ने ।
-

इ. आर्थिक प्रस्तावना

- आयोजना संग सम्बन्धित नगद साझेदारीको प्रतिवद्दता ।
- अधिकतम रकम १० लाख भित्र रही अधिकतम रकम साझेदारी गर्ने लाई प्राथमिकता ।
- रोजगारी तथा गरिबी लाई सम्बोधन गर्ने आयोजना ।

## परिच्छेद ४

## कार्यक्रम व्यवस्थापन

६. साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन र सहजिकरणको लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| क नगर प्रमुख | संयोजक |
| ख नगर उपप्रमुख | सदस्य |
| ग पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| घ प्रमख प्रशासकीय अधिकृत | सदस्य |
| ङ आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| च प्राविधिक शाखा प्रमुख | सदस्य |
| छ योजना शाखा प्रमुख | सदस्य सचिव |

७. साझेदारी कार्यक्रम सञ्चालन व्यवस्थापन, र सहजिकरण समितिको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ ।

क. उपभोक्ता साझेदारीको लागि पेश भएका प्रस्तावनाहरुको १५ दिन भित्र मुल्याङकन गरी छनोट भएका प्रस्तावनाहरुलाई अनुमोदनको लागि नगर कार्यपालिकामा पेश गर्ने ।

ख. आयोजनाको सञ्चालनको लागि आवश्यक व्यवस्थापकिय काम एवं समन्वय तथा सहजिकरण गर्ने ।

ग. साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धि आवश्यक निर्णयहरु गर्ने ।

## परिच्छेद ५

## सम्झौता, र भुक्तानी

**८ क.** साझेदारी कार्यक्रम सञ्चालन व्यवस्थापन र सहजिकरण समितिले छनोट गरि आशयको सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र प्राविधिक मुल्याङकन सहित आयोजनाको साझेदारीको रकम ( दफा ३ बमोजिम ) उपभोक्ता समितिले नगरपालिकाको खातामा रकम जम्मा गरि सक्कल भौचर सहित सम्झौताको लागि आवश्यक कागजातहरु समावेश गरि कार्यालयमा सम्पर्क गर्नुपर्ने हुन्छ ।

ख. नगर कार्यपालिकाको निर्णयानुसार नियमानुसार पेश्की रकम उपलब्ध गराउन सकिनेछ।

ग. साझेदारी कार्यक्रम सञ्चालन व्यवस्थापन र सहजिकरण समितिले नियमित अनुगमन तथा मुल्याङ्कनको गरी अन्तिम भुक्तानीको लागि सिफारिस गर्नेछ ।

## परिच्छेद ६

## विविध

१० कन्टेन्जेन्सी र मर्मत सम्भार कोषः कन्टेन्जेन्सी र मर्मत सम्भार कोष वाफत रकम कट्टी गरिनेछैन ।

११. कसुर र सजायः साझेदारी कार्यक्रमको सम्झौता भए पश्चात योजना सम्पन्न नगरी छाड्न पाईने छैन ।कार्यक्रमको सम्झौताबमोजिम काम नगरेमा, समयमा पुरा नगरेमा वा गुणस्तरहीन काम गरेको पाइएमा अन्तिम भुक्तानी रोकिनेछ । तर यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित उपभोक्ता समितिलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

१२. संशोधन र हेरफेरः यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार संशोधन र हेरफेर गर्न सक्नेछ ।

# अनुसूची १

<u>उपभोक्ता लागत साझेदारी कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना</u>

प्रथम पटक प्रकाशित मितिः

यस नगरपालिका आ व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता लागत साझेदारी कार्यक्रम कार्यान्वयनको लागि तपसिलका क्षेत्रहरुमा साझेदारी गर्न इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था लगायत विविधत रुपमा दर्ता भएका अन्य समिति/**समूह**/ संस्थाहरुले सूचना प्रकाशन भएको मितिले ३० ( तिस ) दिन भित्र आवश्यक कागजातहरु सहित उपभोक्ता लागत साझेदारी कार्यविधि २०८० को अनुसूची २ र ३ बमोजिम प्रस्तावना पेश गर्नहुन यो सूचना सबैको जानकारीको लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| **साझेदारीको क्षेत्र** | **उपभोक्ताको तर्फबाट साझेदारी** | **नगरपालिकाको तर्फबाट साझेदारी** |
|---|---|---|
| क. भवन निर्माण तथा मठ, मन्दिर निर्माण, गुम्बा, चर्च, मस्जिद लगायत धार्मिक संरचना निर्माण। | ३० प्रतिशत | ७० प्रतिशत |
| ख. सिँचाई सम्बन्धी स्थायी संरचना सिंचाई कुलो,नदी नियन्त्रण तथा तटबन्ध निर्माण , आ.सी. सी ढलान तथा पि. सी. सी ढलान, रिटेटिङ्ग वाल र मेसिनरी वाल। | ४० प्रतिशत ( पाईप खरिद तथा विछयाउने कार्यमा ३० प्रतिशत ) | ६० प्रतिशत ( पाईप खरिद तथा विछयाउने कार्यमा ७० प्रतिशत ) |
| ग. खानेपानी ट्याङ्की निर्माण तथा खानेपानी सम्बद्ध अन्य आयोजनाहरु। | ४० प्रतिशत | ६० प्रतिशत |
| घ. सडक कालोपत्रे, सडक ट्र्याक खोल्ने कार्य तथा सडक स्तरोन्नति मोटेरेबल पुल निर्माण, विघुतिकरण र खेल मैदान निर्माण । | ३० प्रतिशत | ७० प्रतिशत |
| ङ. पुरातात्विक साँस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण र मर्मत सम्भार पाटी पौवा निर्माण । | ३० प्रतिशत | ७० प्रतिशत |

## आवश्यक कागजातहरु

क .गुर्भाकोट नगरपालिकामा उपभोक्ता समिति, टोल विकास संस्था वा अन्य समिति समूह वा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्यानुभव पत्र, उपभोक्ता समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस।

ख. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने आधार पेश गर्नुपर्नेछ।

अनुसूची २

उपभोक्ता साझेदारी कार्यक्रमको लागि आवेदन पत्र

मिति ......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय
शुभघाट, सुर्खेत ।

विषयःप्रस्तावन पेश गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ........................................ ...............................आयोजना कार्यान्वयन गर्नको लागि यस उपभोक्ता समिति/समूह/संस्थाले देहायका कागजातहरु सहित प्रस्तावना पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदक

**संलग्न कागजातहरु**

१. प्राविधिक तथा आर्थिक प्रस्तावना ।

२.सम्बन्धित उपभोक्ता समिति सम्बन्धी कागजातहरु ।

क. उपभोक्ता समिति दर्ता प्रमाण र नविकरण प्रमाणपत्रको प्रतिलिपि १ प्रति

घ. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति ।

## अनुसूची ३

## उपभोक्ता साझेदारी कार्यक्रमको प्रस्तावनाको ढाँचा

भाग १ प्राविधिक प्रस्तावना

१. आयोजनाको नाम

२. पृष्ठभूमी

३.प्रस्तावित आयोजनाको कार्यक्षेत्र र लाभान्वित परिवार

४.अपेक्षित उपलब्धी र प्रभाव

५. जनशक्ति व्यवस्थापन

६. आयोजनाको समायावधि

७. सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई

८. गुनासो व्यवस्थापन

भाग २ आर्थिक प्रस्तावना

१ कुल बजेट

२ आयोयजना सञ्चालनको अन्य खर्च